नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
( ....मान्यता समकक्षता तथा मूल्याङ्कन.. शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स: ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:-०७९/८०
चलानी नं.:- ३९९

मिति: २०७९।१०।०६

सम्पादक - श्री ज्ञान बहादुर अधिकारीज्यू
लेखक - श्री राममणी वगालेज्यू

विषय : पाठ्यसामग्री प्रकाशन सम्बन्धी कार्यमा प्रतिवन्ध लगाइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा तपाईले सम्पादन गर्नु भएको ब्रिलियन्ट बुक्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि., काठमाडौबाट शैक्षिक सत्र २०८० मा लागु गर्न स्वीकृतिका लागि यस केन्द्रमा पेश गरेको कक्षा ५, ६ र ७ को सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा विषयको पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशन भएको पाठ्यपुस्तकसंग कतिपय विषयबस्तु, चित्र, उदाहरण अभ्यास र क्रियाकलाप हुवहु सारेको सम्बन्धमा प्रकाशकले मिति २०७९।०९।२७ मा पेश गरेको लिखित जवाफमा कक्षा ५, ६ र ७ का सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयका पुस्तक लेखन तथा सम्पादन सम्बन्धी कार्य गर्न राममणी वगाले र श्री ज्ञान बहादुर अधिकारीसंग पाठ्यक्रम विकास केन्द्रले तोकेको ऐन, नियम, विनियम, निर्देशिका एवंम निर्देशनको परिधि भित्र रही कार्य गर्न लिखित सम्झौता गरीएको लेखक तथा सम्पादकद्धयबाट पाठ्यक्रम विकास केन्द्रले विकास गरेको पाठ्यसामग्रीको प्रतिलिपि गरी त्यस केन्द्रलाई गुमराहमा पार्ने र प्रा.लि.ले आर्जन गरेको मान प्रतिष्ठालाई आँच पुरयाउने कार्य गरेको र लेखक तथा सम्पादक प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पाठ्यक्रम विकास केन्द्रसंग संलग्न रहेको भन्ने कुरा पूर्व जानकारी नगराइ वदनियत पूर्वक कार्य गरेकाले निजहरुलाई हदैसम्मको सजायको माग गर्न चाहन्छौ भनि लिखित जवाफ पेश गरेको देखिदाँ शैक्षिक सत्र २०८० देखि तीन शैक्षिक सत्रसम्म सरकारी तथा निजी प्रकाशनबाट पाठ्यसामग्री लेखन तथा सम्पादन लगायत पाठ्यसामग्री प्रकाशनसंग सम्वन्धित कार्य गर्न प्रतिवन्ध लगाइएको ब्यहोरा मिति मिति २०७९।१०।०५ को निर्णयानुसार जानकारी गराइएको छ।साथै यसरी प्रतिवन्धित व्यक्तिबाट पाठ्यसामग्री लेखन तथा सम्पादन लगायत प्रकाशन सम्बन्धी कार्य गरेको, गराएको पाइएमा सम्बन्धित प्रकाशकसमेतलाई कानूनबमोजिम कारवाही हुने व्यहोरा अनुरोध छ ।

तारा पाण्डे तिवारी
शाखा अधिकृत